निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# उम्मेदवार मनोनयनका लागि आवश्यक कागजात, प्रक्रिया तथा धरौटी सम्बन्धी व्यवस्था

## प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तहका सदस्यको उप-निर्वाचन, २०७६

## कागजात

उम्मेदवारको मनोनयन पत्र दर्ता गर्दा पेश गर्नुपर्ने कागजात

- कुनै दलको तर्फबाट उम्मेदवार हुने व्यक्तिको हकमा मनोनयनपत्र दर्ता गर्दा सो दलबाट प्रदान गरिएको औपचारिकपत्र ।
- प्रस्तावक र समर्थकको नाम; सम्बन्धित निर्वाचन क्षेत्र; स्थानीय तह र वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यहोरा खुल्ने प्रमाण ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- वडा अध्यक्ष पदको लागि सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा ।
- अध्यक्ष; उपाध्यक्ष; प्रमुख र उपप्रमुखको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा ।
- प्रदेश सभा सदस्यका लागि सम्बन्धित प्रदेशको गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा ।
- प्रतिनिधि सभा सदस्यका लागि गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा ।
- उम्मेदवारले मनोनयनपत्र पेश गर्दा सम्बन्धित व्यक्ति कुनै लाभको पद वा निर्वाचित पदमा वहाल रहेको भए निजले बहाल रहेको पदबाट राजीनामा दिएको दर्ताको निस्सा ।

## प्रक्रिया

- निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिले आफैँ वा निजको प्रतिनिधि; प्रस्तावक वा समर्थकमार्फत निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा तोकिएको ढाँचामा मनोनयनपत्र दर्ता गर्नु गराउनुपर्ने ।
- मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा एक जनाले प्रस्ताव र अर्को एक जनाले समर्थन गरी सहिछाप गरेको हुनुपर्ने ।
- कुनै व्यक्तिले एउटै पदको निर्वाचनको लागि भिन्नाभिन्नै प्रस्तावक र समर्थक रहेका बढीमा दुई वटा मनोनयनपत्र दर्ता गर्नसक्ने ।
- आयोगले तोकेको धरौटी खातामा तोकिए बमोजिमको धरौटी रकम जम्मा गरेको बैंक भौचर वा नगदी रसिद पेश गर्नुपर्ने ।
- कुनै दलको तर्फबाट उम्मेदवार हुने व्यक्तिको हकमा मनोनयनपत्र दर्ता गर्दा तोकिए बमोजिमको ढाँचामा सो दलबाट प्रदान गरिएको औपचारिकपत्र पेश गर्नुपर्ने ।
- मनोनयन गरिएको व्यक्तिले मनोनयनपत्रमा आफ्नो मञ्जुरी लेखी दस्तखत गर्नुपर्ने ।
- मनोनयनपत्र सम्बन्धित तहको निर्वाचन अधिकृतको कार्यालयमा तोकिएको मिति र समयभित्र दर्ता गर्नुपर्ने ।

### प्रस्तावक र समर्थक

- गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष पदको लागि **सम्बन्धित वडाको** मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति ।
- अध्यक्ष; उपाध्यक्ष; प्रमुख र उपप्रमुख पदको लागि **सम्बन्धित गाउँपालिका वा नगरपालिकाको** मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति ।
- प्रदेश सभा सदस्यका लागि **सोही निर्वाचन क्षेत्रको गाउँपालिका वा नगरपालिकाको** मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति ।
- प्रतिनिधि सभा सदस्यका लागि **सोही निर्वाचन क्षेत्रको गाउँपालिका वा नगरपालिकाको** मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति ।

## धरौटी

- वडा अध्यक्षका लागि रु १०००/- (महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा रु ५००/-)
- अध्यक्ष, उपाध्यक्ष वा प्रमुख, उपप्रमुखको लागि रु १५००/- (महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा रु ७५०/-)
- प्रदेश सभा सदस्यका लागि रु ५०००/- (महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा रु २५००/-)
- प्रतिनिधि सभा सदस्यका लागि रु १०,०००/- (महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा रु ५०००/-)